# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०८/२७ गते (नेपाल सम्बत् ११४५,थिल्लाथ्व १२ बिहिबार) सर्वोच्च अदालतमा पुनरावेदन गरिएको विवरण।

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **नविन डाँगी समेत**<br>(वि.अ. को( मुद्दा नं. ०८०-CR-००५० वि.अ. को फैसला मिति २०८०।१२।१४ | गैरकानूनी लाभ हानी पुर्याउने बदनियतले काम गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु सकल देव यादव, कृष्ण बहादुर घर्ती, नविन डाँगी, रोशनी बिष्ट र बल बहादुर बस्नेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई जम्मा बिगो रु.४,६६,४८८।९८ (अक्षेरपि चार लाख छैसट्ठी हजार चार सय अठासी रुपैया पैसा अन्ठानब्बे ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन साथै निज प्रतिवादीहरु सकल देव यादव र कृष्ण बहादुर घर्ती, नविन डाँगी,रोशनी बिष्ट र बल बहादुर बस्नेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर | **१. फैसलाः**<br>विशेष अदालतबाट सम्पूर्ण प्रतिवादीहरु नविन डाँगी, रोशनी बिष्ट, बलबहादुर बस्नेत, मन बहादुर डाँगी, खडक बहादुर डाँगी, चन्द्र कुमारी डाँगी, रिता घर्ती, सकलदेब यादब, भुपाल दमाई, कृष्ण बहादुर घर्ती, टिका वि.क., गनबहादुर भण्डारी र कुल बहादुर योगीलाई आरोपित कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मूल बुदा एवं आधारहरु :**<br>क) क) प्रतिवेदनमा ठोस रुपमा कैफियत भएको भन्न नसकी कैफियत हुन सक्ने देखिन्छ भनी अनुमान गरेको देखिन्छ।प्रतिवेदन अनुसार जडान भएका पाइपहरुको परिमाण र साईजमा फरक परेको देखाई सम्पन्न भएको कामको बढी मूल्याङ्कन गरिएको भन्ने प्रतिवेदनमा उल्लेख गरिएकोमा प्रतिवेदकले स्थलगत मुचुल्का गर्दा पाईप Detector लिएर नगएको भनि बकपत्र गरेको र स्थलगत मुचुल्कामा गाडिएको पाइप खनेको भन्ने नदेखिएको अवस्थामा विवादको योजनामा जडान भएका पाईपहरु कति परिमाण र कुन साईजमा फरक भएको भन्ने | क) क)जिल्ला रोल्पा, गंगादेव गाउँपालिका वडा नं.२ स्थित घोरानेटी खोलादेखि घोरानेटी गाउँसम्म सोलार पम्पिङ खानेपानी निर्माण योजनाको लागि आ.व. २०७६/०७७ मा गंगादेव गाउँपालिकाबाट रु.१९,९४,८६३।७७ (अक्षेरपि उन्नाईस लाख चौरानव्वे हजार आठ सय त्रिसठ्ठी रुपैया पैसा सतहत्तर) को लागत अनुमान तयार भई उक्त योजनामा गंगादेव गाउँपालिकाको तर्फबाट रु.१८,००,०००।-(अक्षेरपि अठार लाख) (९०.२३%) विनियोजन भएको र उपभोक्ता समितिले रु.१,९४,८६३।७७ (अक्षेरपि एक लाख चौरानव्वे हजार आठ सय त्रिसठ्ठी रुपैया पैसा सतहत्तर) (९.७७%) बेहोर्ने गरी मिति २०७६।०७।२३ गते गाउँ कार्यपालिकाको कार्यालय र मन बहादुर डाँगी अध्यक्ष रहेको उपभोक्ता समिति वीच सम्झौता भई उक्त योजनाको कार्यमा अन्तिम बिल तथा नापी किताबमा उल्लिखित संरचनाहरु फिल्टर च्याम्बर, भल्भ च्याम्बर, धाराहरु तथा पाईपलाईनको जम्मा रु.५,१६,९९९।८७ (अक्षेरपि पाँच लाख सोह्र हजार नौ सय उनान्सय रुपैया पैसा सत्तासी) बराबरको रकम बढी मूल्याङ्कन गरी सोको ९०.२३% ले हुन आउने रु.४,६६,४८८।९८ (अक्षेरपि चार लाख छैसट्ठी हजार चार सय अठासी रुपैया पैसा अन्ठानब्बे) रकम बढी भुक्तानी लिने दिने प्रयोजनको लागि योजना जाँचपास समिति तथा गाउँपालिकास्तरीय योजना सुपरिवेक्षण तथा अनुगमन समितिका पदाधिकारीले वास्तविक भए गरेको कार्यभन्दा बढी कार्य गरेको भनी गलत प्रतिवेदन दिई दिन लगाई गलत नापी किताब तयार गरी गराई सोही वमोजिमको झुट्टा बिल भरपाई तयार गरी गर्न लगाई भए गरेको कार्य भन्दा बढी रकम भुक्तानी लिने दिने कार्य गर्ने गराउने कार्य गरेकोले गंगादेव गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, रोल्पाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत सकल देव यादव, इन्जिनियर नवीन डाँगी, सव-इन्जिनियर रोशनी विष्ट, खानेपानी तथा सरसफाई टेक्निसियन बल बहादुर बस्नेत, योजना अधिकृत कृष्ण बहादुर घर्ती, वडा नं.२ का तत्कालीन वडा सचिव कुल बहादुर योगी, गंगादेव गाउँपालिकाका उपाध्यक्ष रिता घर्ती, वडा नं.२ का वडा अध्यक्ष भुपाल दमाई, सोही वडाका वडा सदस्य टिका वि.क., वडा सदस्य गन बहादुर भण्डारी, घोरानेटी खोलादेखि घोरानेटीगाउँसम्म सोलार, पम्पिङ, खानेपानी निर्माण योजना उपभोक्ता समितिका अध्यक्ष मन बहादुर डाँगी, सचिव खडक बहादुर डाँगी र कोषाध्यक्ष चन्द्र कुमारी डाँगी समेतको मिलेमतो र संलग्नतामा भुक्तानी नै गर्न नमिल्ने रकम रु.४,६६,४८८।९८ (अक्षेरपि चार लाख छैसट्ठी हजार चार सय अठासी रुपैया पैसा अन्ठानब्बे) राष्ट्रसेवकले आफू तथा उपभोक्ता समितिका पदाधिकारीहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकार/गाउँपालिकालाई गैरकानुनी हानिनोक्सानी पुऱ्याउने बद्नियतले उपभोक्ता समितिलाई भुक्तानी दिने/लिने कार्य गरे/गराएको तथा सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको भएको रकम मध्ये केहि रकम राजश्व दाखिला समेत गर्ने कार्य गरेको देखिन्छ।उनिहरुले गरेको व्यवहारबाटै निज प्रतिवादीहरुले भ्रष्टाचार जन्य कसूर गरेको प्रष्ट भएको छ। यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट कानूनी सिद्धान्त समेत स्थापित भएको छ।"सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By Conduct अर्थात कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ।प्रतिवादीहरुको क्रिया तत्व हेर्दा मासी खाएको रकम बेरुजु प्रकृतिको नभई आफ्नो जिम्माको रकम मासी खाई दुरुपयोग गर्ने मनसायबाट कामकारबाही भएको देखिन्छ यस्तो कार्य भ्रष्टाचारजन्य कसूर अन्तर्गत पर्ने" (सार्जन पाण्डे विरूद्ध नेपाल सरकार-स.अ.बुलेटिन वर्ष १८, अंक १५,मंसीर २०६६,पूर्णाङ्क ४१७ पृष्ठ १९) मा कानूनी सिद्धान्त प्रतिपादन भई सकेकोमा सो सिद्धान्त समेतको विपरीत प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुंदा बदर भागी छ।<br>ख) अदालतमा बयान गर्ने क्रममा प्रतिवादी मन बहादुर डाँगीले काम गर्दा गर्दै रु.४,००,०००।- बुझाएको र बाँकी पनि बुझाई दिन्छौं भनि रु.६७,०००।-पनि बुझाई दिएका छौं भनि वयान बेहोरा लेखाई दिएको तथा अन्य प्रतिवादीहरु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेको हुँदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय समेत हुन मागदावी लिइएको,<br>प्रतिवादीहरू मन बहादुर डाँगी, खडक बहादुर डाँगी र चन्द्र कुमारी डाँगीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.४,६६,४८८।९८ (अक्षरेपि चार लाख छैसट्ठी हजार चार सय अठासी रुपैया पैसा अन्ठानब्बे) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिइएको,<br>प्रतिवादी रिता घर्ती, गन बहादुर भण्डारी, कुल बहादुर योगी, भुपाल दमाई र टिका वि.क.ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर | प्रतिवेदन बस्तुपरक भएको नदेखिएकोले प्रतिवेदन बेहोरालाई विश्वासनीय मान्न मिल्ने अवस्था नदेखिएको,<br>ख) योजनाको उदेश्य बमोजिम खानेपानी संचालनमा रहेको,योजनाबाट लाभान्वित हुनुपर्ने समुदायले कुनै गुनासो नगरेको भनी प्रतिवेदक हेमबहादुर सिंजालीले बकपत्र गरेको देखिएको,<br>ग) प्रत्यक्ष एवं स्वतन्त्र प्रमाणको अभावमा केवल अनुमान,आशंका र अन्दाजको भरमा लिएको अभियोग दावीलाई कसूर ठहर गरी सजाय गर्नु फौजदारी न्यायको सिद्धान्त विपरीत हुने, | चन्द्र कुमारी डाँगी र खडक बहादुर डाँगीले पनि सोही वयान बेहोरा मिलान हुने गरी गाउँपालिकाको हाकिमले पनि पैसा बुझाउनु पर्छ भनेपछि गाउँपालिकाको खातामा रकम जम्मा गरीदिएका भनी वयान बेहोरा लेखाए समेतबाट यी प्रतिवादीहरु उपर विगो रु.४,६६,४८८/९८ रकम बराबरको कम काम गरी बढी भुक्तानि लिए दिएको स्पष्ट देखिंन्छ। यदी यी प्रतिवादीहरुले बदनियतपूर्वक काम गरी भ्रष्टाचार नगरेको भए सो रकम जम्मा गरीरहनु पर्ने अवस्था सिर्जना हुने थिएन। यसरी प्रतिवादीहरुले आरोपित विगो रकम जम्मा गर्नुले आरोपित कसूर गरेको पुष्टि हुन्छ। प्रतिवादीहरुको मिलेमतोमा भ्रष्टाचार नगरेको भए रकम जम्मा गर्ने भन्ने प्रश्नै हुँदैन। यी प्रतिवादीहरुले मिलेमतो गरी नभएको नगरेको काम भए गरेको भनी सिफारीस गर्ने , कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने तथा भुक्तानिको कारबाहि गरी सार्वजनिक सम्पत्ति बदनियतपूर्वक लिनु दिनु गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भई रहेकोमा वास्तविक यथार्थतालाई न्यायिक विवेचाना नगरी सबै प्रतिवादीहरुलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>ग) प्रतिवेदक हेमबहादुर सिंजालीले अदालतमा उपस्थित भई बकपत्र गर्दा म समेतको टोली विवादित योजना संचालन भएको स्थानमा गई सो स्थानमा स्थलगत मुचुल्का तयार गरी उक्त प्राविधिक प्रतिवेदन दिएको ठीक सत्य हो। उक्त प्राविधिक प्रतिवेदनको बेहोरा मेरै हो। स्थलगत निरीक्षण तथा नापजाँचको समयमा कुल जम्मा ३० वटा डिष्ट्रिब्युसन पाइपलाईन विछ्याएको मध्ये ३ वटा डिष्ट्रिब्युसन पाइपलाईनमा धारा नजोडी बन्द गरी राखिएको र २७ वटा वितरण लाईनमा मात्र २७ वटा धारा जडान गरिएको पाईएको र त्यहाँ भेला जम्मा भएका स्थानिय तथा जनप्रतिनिधि समेतको रोहवरमा मुचुल्का गरिएको भनि प्रतिवेदकले गढाउका साथ बकपत्र गरी मौकाको आफुले दिएको प्रतिवेदनलाई समर्थन गरी बकपत्र गरेको छ। साथै निज प्रतिवादीहरुले लागत बमोजिमको काम भए गरेको अबस्थामा झुट्टा आरोप लगाउनु पर्ने कुनै कारण नभएको तथा प्रतिवादीहरुले पनि प्रतिवेदकले झुट्टा आरोप लगाउनु पर्ने कारण खुलाउन सकेको अवस्था छैन। निज प्रतिवादीहरु उपर योजनाको सम्पूर्ण काम नभएको भनि आरोपदावी पनि नरहेको र काम नभएको हद सम्म मात्र विगो कायम गरी भ्रष्टाचारको कसूर गरेको अवस्थामा योजनाको उदेश्य बमोजिम खानेपानी संचालनमा रहेको,योजनाबाट लाभान्वित हुनुपर्ने समुदायले कुनै गुनासो नगरेको भनी प्रतिवेदकले बकपत्र गरेको भनी अन्यथा व्याख्या गरी प्रतिवादीहरुलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी छ।<br>घ) प्रतिवेदकले विवादित योजनाको स्थलगत रुपमा निरीक्षण तथा नापजाँच गरी सो योजनामा कैफियत भएको भनि स्पष्ट गरी प्रतिवेदन दिएको समेतबाट प्रतिवादीहरुको मिलेमतोमा नभए नगरेको कामकोलागी भए गरेको भनि सरकारी रकम भुक्तानि लिए दिएकोले भ्रष्टाचारजन्य कार्य गरेको प्रष्ट देखिन्छ। स्थलगत मुचुल्का गर्न जाँदा पाइप Detector लिएरै जानु पर्ने पूर्व शर्त पनि होईन। पाईपको नापजाँच अन्य नापजाँच गर्ने मापनका ईकाइहरुबाट पनि नाप्न नसकिने भन्ने प्रश्नै हुँदैन। भ्रष्टाचार जस्तो गम्भिर कसूरमा मिसिल संलग्न तथ्यगत प्रमाण एवं वास्तविक अबस्था परिस्थिति समेलाई न्यायिक मनले विश्लेशण विवेचना गरी न्याय निरुपण हुनु पर्नेमा विशेष अदालतबाट न्यायिक विश्लेशण र विवेचना नगरी प्रतिवेदनमा ठोस रुपमा कैफियत भएको भन्न नसकी कैफियत हुन सक्ने देखिन्छ भनी अनुमान गरेको ,जडान भएका पाइपहरुको परिमाण र साईजमा फरक परेको देखाई सम्पन्न भएको कामको बढी मूल्याङ्कन गरिएको भन्ने प्रतिवेदनमा उल्लेख गरिएकोमा प्रतिवेदकले स्थलगत मुचुल्का गर्दा पाईप Dector लिएर नगएको भनि बकपत्र गरेको र स्थलगत मुचुल्कामा गाडिएको पाइप खनेको भन्ने नदेखिएको अबस्थामा विवादको योजनामा जडान भएका पाईपहरु कति परिमाण र कुन साईजमा फरक भएको भन्ने प्रतिवेदन बस्तुपरक भएको नदेखिएकोले प्रतिवेदन बेहोरालाई विश्वासनीय मान्न मिल्ने अवस्था नदेखिएको भनी हचुवाको भरमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण भै बदर भागी छ।<br>ङ) प्रतिवेदकले विवादित योजनामा भएको सम्पूर्ण कार्यको स्थलगत नापजाँच गरी आयोजनाको लागत |

गरेको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवानाको सजाय समेत हुन मागदावी ।

अनुमान,नक्सा,स्पेसिफिकेसन,भुक्तानि सम्वन्धी कागजातहरु,संरचनाको शंकास्पद आइटमहरुको आयोजनाबाट तयार भएको नापी किताब (MB) को परिमाण र फिल्डमा भएको यथार्थ परिमाणको तुलनात्मक विवरण तपशिल बमोजिमको नापजाँच सम्वन्धी विस्तृत विवरणबाट प्रष्ट भईरहेकोमा मिसिल संलग्न स्थलगत नापजाँच प्रतिबेदनमा उल्लेख भएका तथ्ययुक्त सबूद प्रमाणहरुलाई मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदर भागी छ।

| क्र.सं. | आइटमको नाम | एकाई | परिमाण | | फरक परिमाण (घटी –, बढी +) |
|---|---|---|---|---|---|
| | | | नापी किताबमा भएको | फिल्डमा भएको | |
| **1** | **Valve Chamber(3Nos.)** | | | | |
| 4 | Stone work in 1:4 cement mortar | Cum | 12.60 | 10.83 | -1.77 |
| 5 | PCC(1:2:4) for RCC components | Cum | 1.32 | 1.28 | -0.04 |
| 9 | Manhole Cover | No | 3.00 | 6.00 | 3.00 |
| | | | | | |
| **2** | **Tapstands and Filter Chamber** | | | | |
| 3 | Masonary Work(1:4) | Cum | 30.44 | 32.68 | 2.18 |
| 4 | Cement Plaster(1:4) | Sqm | 127.20 | 194.34 | 67.14 |
| | | | | | |
| **3** | **HDPE Pipe Cost** | | | | |
| 1 | 16mm | M | 2000 | 1127 | -873 |
| 2 | 20mm | M | 5560 | 3591 | -1969 |
| 3 | 25mm | M | 1500 | 717 | -783 |
| 4 | 32mm | M | 1000 | 24 | -976 |
| 5 | 40mm | M | 50 | 465 | 415 |
| | | | 10110 | 5924 | |
| | | | | | **Sub-total with** |
| 4 | **HDPE Pipeline Jointing and Earthwork** | | | | |
| | For Total Pipeline Length | Cum | 2426.04 | 1421.76 | -1004.28 |
| | | | | | |

च) सरकारी सम्पत्तिको सहि रुपमा सदुपयोग होस् भनि जुनसुकै योजनाको खर्च गर्ने कार्य पद्दति अन्तर्गत विभिन्न तहहरु बनाईएको हुन्छ।एउटाले गरेको काम अर्कोले चेक जाँच गर्न (Check and Blance) कायम गर्न फरक फरक व्यवसायिक प्रकृति (Job Nature) भएका (प्राविधिक,अप्राविधिक,जनप्रतिनिधि,उपभोक्ता समिति,सर्वसाधारण) मानिसहरु समेतलाई सहभागिता गराईन्छ।जस्ले गर्दा योजनाको काम प्रभावकारी एवं गुणस्तरीय भई सार्वजनिक सम्पत्तिको अधिकतम उपभोग हुन सकोस्। तर पुरै संरचना नै सामेल भई मिलेमतो गरी बदनियत राखेर हुंदै नभएको कामलाई भए गरेको भनि सबैले आ-आफ्नो जिम्मेवारी अनुसारको काम नगरी गलत कागज प्रमाणहरुलाई स्वीकार गरी

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रमाणित गर्दै जाने अवस्था भनेको सुशासनको लागि भयावह र डरलाग्दो अवस्था हो। यस्तो अवस्थामा प्रतिवादीहरुले गरेको कसूरजन्य अवस्था ,परिस्थिति र परिवेश समेलाई अदालतले गम्भिर रुपमा लिई न्यायिक विश्लेक्षण र विवेचना गरी निर्णय हुनु पर्नेमा उक्त न्यायिक विश्लेशण र विवेचना नगरी सबै प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसलामा गम्भिर त्रुटि भएकोले बदर चागी छ।<br>अतः माथि विवेचित आधार र कारण समेतबाट विशेष अदालतले गरेको फैसला उपर प्रतिवादीहरु नविन डाँगी,रोशनी बिष्ट,बल बहादुर बस्नेत,मन बहादुर डाँगी,खडक बहादुर डाँगी,चन्द्र कुमारी डाँगी, रिता घर्ती, सकलदेव यादव,भुपाल दमाई,कृष्ण बहादुर घर्ती, टिका बि.क., गन बहादुर भण्डारी, र कुल बहादुर योगीलाई आरोप मागदाबीबाट सफाई दिने ठहर गरी भएको उक्त फैसला त्रुटिपूर्ण देखिएकोले उक्त फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोप मागदावी बमोजिम बिगो तथा कसूर कायम गरी सजाय गरी पाउन। |